# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना

## (आ.व २०८०/८१ –२०८४/०८५)

**अजिरकोट गाउँपालिका**

**गाउँकार्यपालिको कार्यालय**
**भच्चेक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

## विषयसुची


१ परिचय 3

१.१ लैङ्गिक समानता तथा सामाजिक समावेधीकरणको भुमिका तथा कानुनी प्रावधान 3

१.२ गाउँपालिको परिचय 5

१.३ गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति योजना तयारीको उद्देश्य 5

१.४ रणनीतिको औचित्य वा आवश्यकता 6

१.५ लैससास परिभाषा – मुख्य शव्दावलीहरु 7

१.७ रणनीति योजनाको मुल्यमान्यता तथा सिद्दान्तहरु 9

२. गाउँपालिकाको लैससासको अवस्था र सन्दर्भ विश्लेषण 10

२.१ गाउँपालिकाको लैससासको अवस्था 10

२.२ लक्षित समुहहरुको नक्सांकन 11

२.३ सरोकारवालाहरुको विष्लेषण 13

२.४ गाउँपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष र सुधार गर्नुपर्ने पक्ष ,तथा अवसर र चुनौती को विश्लेषण 16

२.५ गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु 18

३. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुलप्रबाहिकरण रणनीति 19

३.१ दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरु 19

३.२ लैससास मुलप्रवाहिकरणको रणनीति 20

३.३ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी कार्ययोजना 20

३.४ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी आवश्यक संस्थागत व्यवस्था 28

३.५ लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन 31

३.६ लैससास रणनीतिक योजनाको कार्यान्वयनको अनुगमन तथा मुल्यांकन 31

३.७ संभावित जोखिम तथा न्युनिकरणका उपायहरु 32

# १ परिचय

## १.१ लैङ्गिक समानता तथा सामाजिक समावेधीकरणको भुमिका तथा कानुनी प्रावधान

नेपाल एक बहु-जातिय, बहु धार्मिक, बहु सांस्कृतिक, बहुभाषिक मुलुक हो। नेपालको संविधानको प्रस्तावनामै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । यसै गरी धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक समावेश गरेको छ । महिला हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान बंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने तथा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरेको छ ।

यसैगरी धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ । धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ ।

यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधान विशेष प्रावधानहरूको थप व्याख्या गरको छ । सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ । त्यसै गरी राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था गरेको छ । तर सामाजिक वा सांस्कृतिक दृष्टिले

पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको÷परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल–बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस–आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था समेत गरेको छ । त्यस्तै समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने एवं पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्था गरेको छ ।

यसर्थ उल्लिखित आधारमा के भन्न सकिन्छ भने नेपालको संविधानले राज्यका सवै तहहरू संघीय, प्रादेशिक र स्थानीय तहमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरेको छ । स्थानीय सरकारका सवै तह, स्थानीय कार्यकारिणी, न्यायिक समिति, स्थानीय सभा, प्रदेश सभा र जिल्ला समन्वय समितिमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्थाले राज्य प्रणालीलाई लैङ्गिक रुपमा समावेशी बनाएको स्पष्ट देख्न सकिन्छ । आरक्षित व्यवस्थाका अलावा अरु संख्यामा पनि महिला प्रतिनिधित्वको अवसर हुनसक्ने स्थिति छ ।नेपाल सरकारले “**समृद्ध नेपाल, सुखी नेपाली**”को राष्ट्रिय सोच पुरा गर्न आँउदो २५ बर्षका लागि एक दीर्घकालीन सोच तयार गरेको छ । उक्त सोच प्राप्त गर्ने आधार योजनाको रुपमा पन्ध्रौ योजना तर्जुमा गरिएकोछ । यहि तथ्यलाई ध्यानमा राखी लैङ्गिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागितामा सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिएको छ ।

तदनुसार लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको बातावरण सुनिश्चित गर्ने, महिला विरुद्ध हुने हिंसा, भेदभाव र शोषणको अन्त्य गर्ने, आर्थिक सम्बृद्धि तथा दिगो विकासका लागि महिलाको समान अग्रसरता तथा नेतृत्वदायी भूमिका स्थापित गर्दै श्रोत, साधन, अवसर तथा लाभमा महिलाहरूको समान पँहुच सुनिश्चित गर्ने आदि उदेश्यहरू पन्ध्रौ योजनाको उदेश्यको रुपमा राखेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लेख गरिए बमोजिम गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तगत विभिन्न बुँदाहरूहरूले जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति र अशक्तहरू सहित सुकुम्बासी ब्यवस्थापन गर्न लक्षित समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र ब्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धि स्थानीय तथ्याङ्क र सूचना ब्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धि स्थानीय सर्वेक्षण, सूचना ब्यवस्थापन र नियमन गर्ने कुराहरू उल्लेख गरिएकोछ । त्यस्तै उक्त ऐनकोदफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अन्तगत स्थानीयतहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण )लैससास (प्रवर्दन गर्ने व्यवस्थालाई जोड दिएको छ । त्यस्तै वडा भित्रका विकास कार्यहरू कार्यान्वयन गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बाल–बालिका, दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धि काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औल्याइएको छ।

लैङ्गिक समानता र सामाजिक समावेशीकरण विना अपेक्षित प्रतिफल प्राप्त गर्न नसक्ने तथ्यलाई मनन् गर्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नगरपालिका तथा गाउँपालिको सामाजिक समावेशीरण नीति, २०७८)नमुना( महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ लाई कार्यान्वयनका लागि आवश्यक नीतिगत व्यवस्था गरेको छ भने प्रदेश तथा स्थानीय तहमा पनि लैससास नीति र आवश्यक रणनीति वनाउन सके मात्र समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र राज्यका संरचनाहरुमा सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्न मद्दत पुग्न सक्दछ । अजिरकोट गाउँपालिकाले पनि यहि आवश्यकता र यथार्थतालाई मध्यनजर गरि लैससास मुलप्रवाहीकरण रणनीति योजना तयार गरेको हो । गाउँपालिकामा लैससास क्षेत्रमा भएका अभ्यासहरुलाई संस्थागत गर्न र विभिन्न भेदभावजन्य प्रचलन र ब्यवहार (लैङ्गिक वर्गिय, क्षेत्रगत, समुदायमा वञ्चितिकरणमा परेका वर्ग र समुदायका सवालहरुलाई समग्र विकास प्रक्रियामा मुलप्रवाहीकरण गर्न “अजिरकोट गाउँपालिकाले लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति योजना” तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ।

## १.२ गाउँपालिको परिचय

अजिरकोट गाउँपालिका गण्डकी प्रदेश अन्तरगत गोरखा जिल्लाको पश्चिम उत्तर दिशामा अवस्थित छ। यस गाउँपालिकाको पश्चिमी सिमा लमजुङ जिल्लासँग जोडिएको छ भने उत्तर, पूर्व र दक्षिणमा क्रमशः चुमनुब्री, बारपाक सुलिकोट र सिरानचोक गाउँपालिका रहेका छन् । साविकको घ्याच्चोक, खरिबोट, हंशपुर, सिमजुङ्ग र मुच्चोक गा.वि.स.हरूलाई एकिकृत गरी अजिरकोट गाउँपालिकाको गठन भएको छ। ५ वडामा विभक्त यस गाउँपालिकाको केन्द्र वडा नं. ३, भच्चेकमा अवस्थित छ । यो गाउँपालिका १९८.०५ वर्ग कि.मि.मा फैलिएको छ । यो २८.१५५८११ अक्षांस देखि ८४.६४७७९९ देशान्तरसम्म रहेको छ साथै समुद्रि सतहबाट ८४० मिटर देखि ५७५३ मिटरसम्म फैलिएको छ । गाउँपालिकाको उच्च भागमा मनोरम हिमश्रृखलाहरू देख्न पाईन्छ भने हरिया घाँसे मैदानहरू समेत अवस्थित रहेका छन् । यहाँको कुल भु–भागको १४.४७ प्रतिशत भु–भाग ४००० हजार मिटरभन्दा उचाईमा रहेको छ । यसैगरि १८.२४ प्रतिशत ३००० देखि ४००० हजारसम्म, २४.३५ प्रतिशत २००० देखि ३००० मिटरसम्म, ३६.१८ प्रतिशत १००० देखि २००० मिटरसम्म र ६.७६ प्रतिशत भूभाग मात्र १००० मिटरभन्दा कम उचाईमा रहेको छ । यस गाउँपालिकाको उच्च क्षेत्र पर्यटकिय लगायत पशुपालनको सम्भावना रहेको छ भने तल्लो भेगमा कृषि लगायत वन पैदावारको सम्भावना देखिन्छ ।

गाउँपालिकाको कुल जनसंख्या १९७१६ छ ( घरधुरी सर्वेक्षण-२०७६)। सबैभन्दा बढी जनसंख्या वडा ५ मा रहेको छ भने सबैभन्दा कम वडा १ मा रहेको छ । वडा १, २, ३, ४ र ५ मा क्रमशः २५८४, ३१४४, ४१०६, ४८९६ र ४९८६ जनसंख्या छ । जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्क  अनुसार यस गाउँपालिकामा १५६०२ जनसंख्या रहेको देखिन्छ । यस गाउँपालिकामा महिलाको तुलनामा पुरुषको जनसंख्या सीमान्त रूपमा बढी देखिन्छ । यहाँ कुल पुरुषको संख्या १०१४५ र महिला संख्या ९५७१ रहेको छ । प्रतिशतको आधारमा पुरुषको  ५१.४६  र महिलाको ४८.५४ प्रतिशत हुन आउँछ । सबै वडामा पुरुषको संख्या महिलाकोभन्दा बढी रहेको छ । यस आँकडा अनुसार महिला पुरुष अनुपात (लैङ्गिक अनुपात) ९४.३४ प्रतिशत रहेको छ।

## १.३ गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति योजना तयारीको उद्देश्य

लैंङगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति योजनाको माध्यमबाट गाउँपालिकाले तर्जुमा गर्ने नीति, कानून तथा  योजना, संस्थागत संरचनाहरु, मानव संसाधन तथा क्षमता विकास तथा सेवा प्रवाहका सबै प्रकियाहरुमा महिला तथा सामाजिक  रुपमा  पिछडिएका  समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै समावेशी लोकतन्तत्रलाई संस्थागत गर्ने, सामाजिक न्याय कायम गर्नुका साथै गाउँपालिको शासन व्यवस्थामा सबै नागरिकको समतामुलक पँहुच स्थापित गर्नु रहेको छ

यस क्रियाकलापको विशेष उदेश्यहरु निम्न लिखित रहेका छन्।

- गाउँपालिकामा लैससास सम्बन्धी शासन व्यवस्थाको प्रवर्द्धन गर्ने ।
- गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटलाई लैङ्गिक उत्तरदायी बनाउनु ।
- गाउँपालिकालाई संस्थागत एवम् कार्यक्रमगत रूपमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।
- संस्थागत एवम् कार्यक्रमगत रूपमा समावेश गर्ने गरी लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी अवधारणालाई गाउँपालिकाको कार्यक्रम तथा आयोजनहरूबाट सुनिश्चित एवं प्रभावकारी रूपमा लागू गर्ने ।

- सरोकारवालाहरूलाई वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वियन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जफावदेही हुन अभिप्रेरित गर्ने ।
- गाउँपालिकाको सम्पुर्ण जनता विशेषगरी महिला, बालबालिका, गरिब तथा आर्थिक, सामाजिक तथा संस्कृतिक रुपमा पिछाडी परेका वर्ग तथा समूहका मानिसहरूको क्षमता विकास गरी यी वर्गहरूको गाउँपालिकाको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्दताहरु, कार्य योजनाहरु तथा दिगो विकास लक्ष्यहरुलाई गाउँपालिकामा कार्यान्वयन गर्ने र सो सम्बन्धी प्रतिफल प्राप्त गर्न ।

## १.४ रणनीतिको औचित्य वा आवश्यकता

लैससासको क्षेत्रमा नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, वालवालिका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्ग लगायत आर्थिक तथा सामाजिक रुपमा पछाडि रहेका नागरिकहरुको सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधारहरू हुन सकेको छैन । सबै लक्षित वर्गहरुलाई संगठित गर्न सकिएको अवस्था छैन । लक्षित वर्गमा अधिकार र विद्यमान कानुनी व्यवस्थाहरुको सम्बन्धमा जानकारीको कमी रहेको छ । निर्णायक तहमा महिला तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिता हुन सकेको छैन् । प्राथमिकतामा रहेका लक्षित वर्गका कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेका छैन । दलितहरुमाथि हुने जातिय छुवाछुत लगायतका भेदभाव कायमै रहेको छ । बालश्रम, बाल हिंसा तथा लैङ्गिक हिंसाको अबस्था कायम रहेको छ । गाउँपालिका तहका संरचना, कार्यक्रम र अभ्यासमा लैससासमैत्री अभ्यासलाई अवलम्वन गर्नका लागि लैससास मुलप्रवाहिकरण रणनितिको आवश्यकता रहेको छ साथै गाउँपालिकाको लैससास सम्बन्धी अलग्गै नीति, रणनीति तथा दिग्दर्शन तयार नभएको सन्दर्भमा यसको मद्दतबाट गाउँपालिकामा लैससासको सवालमा काम गर्नको लागि मार्गनिर्देशन गर्नको लागि पनि यो रणनिति योजनाको आवश्यकता रहेको छ।

## १.५ लैससास परिभाषा – मुख्य शव्दावलीहरु

1) “गाउँपालिका” भन्नाले अजिरकोट गाउँपालिका सम्झिनु पर्छ।
2) “लैङ्गिक समानता” भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ।
3) “सामाजिक समावेशीकरण”भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ।
4) “लैससास” भन्नालै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बुझ्नुपर्दछ।
5) “योजना” भन्नाले समग्र विकास निर्माण सम्वन्धि कार्यको लागि तयार गरिएको गाउँपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, विषयगत गुरुयोजना, रणनीतिक योजना आदि सम्झनु पर्छ।
6) “ लैङ्गिक समानता तथा सामाजिक समावेशी बजेट”भन्नाले महिला, विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका व्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागितामुलक ढंगले सम्वोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उदेश्यले

तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ। सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ।

7) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानून वमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसंग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ।

8) "स्थानीयकरण" भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवं अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्दछ।

9) "बञ्चित समुह" भन्नाले परम्परागत रुपमा लामो समय देखि जातीय, आर्थिक,लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक ,अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरीक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ।

10) "सीमान्तीकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

11) "लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट वञ्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयास लाई सम्झनु पर्छ।

12) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ।

13) "लक्षित समूह" भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुस्लिम तथा पिछडावर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ।

14) "लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट" भन्नाले स्थानीय सरकारको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उदेश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ। लैङ्गिकसमानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उदेश्यमूलक, योजनावद्ध, लैङ्गिकसमानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ।

15) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ।

16) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।

17) "सामाजिक वञ्चितीकरणमा परेका समूहहरू" भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउंदछ ।

18) "लैङ्गिक प्रभाव विष्लेषण" भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कति लाभान्वीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

19) "सशक्तिकरण" भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडी परेका, अशक्त वा कमजोर वर्गलाई सूचना, पहुँच, क्षमता, र आवाजका हिसाबले सशक्त र सवल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

### १.७ रणनीति योजनाको मुल्यमान्यता तथा सिद्दान्तहरु

लैससास प्रवर्द्धनका लागि यस गाउँपालिकाको निम्न सिद्दान्त तथा मुल्य मान्यताहरु रहेका छन्। यिनै मुल्य मान्यताको मार्फत यो लैससास रणनीतिका उद्देश्यहरुको प्राप्तिका लागि योगदान पुर्याइने छ

1. विभेदरहित( Nondiscrimination) : यो रणनीति कार्यान्वयन सिलशिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका नागरीक तथा पिछडिएका क्षेत्र तथा समुदायको जातजाती, आर्थिक, सामाजिक अबस्थाको आधारमा भेदभाव गरिने छैन।
2. अर्थपुर्ण सहभागिता(Meaningful Participation) यो रणनीतिले गाउँपालिकाको हरेक विकास कार्यक्रममा तथा निर्णाय तहमा सबै लिङ्, वर्ग, जाती , क्षेत्र तथा समुदायको समानुपातिक आधारमा अर्थपुर्ण सहभागिताको सुनिश्चिता गरेको छ।
3. सारभुत समानता( substantive equality) यो रणनीतिले लैङ्गिक समानतको सवालमा सारभुत समानता जस्तै भुमिका, उत्तरदायित्व, अधिकार र परिमाणमा समानताको सिद्दान्तलाई आत्मसात गरेको छ।
4. कोहि पछाडी नछुटुन( leave no one behind ) यस रणनीतिले दिगो विकास लक्ष्यको कोही पनि पछाडी नछुटुन भन्ने अवधारणलाई अपनाएको छ।
5. उत्तदायित्व तथा जवाफदेहिता( Accountability) : यो रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने हरेक अवस्थामा गाउँपालिकाका प्रतिनिधि तथा कर्मचारी सम्बन्धित क्षेत्रका जनतासंग जवाफदेही हुनुपर्ने कुरालाई अंगिकार गरेको छ।
6. साझेदारीता र सहकार्य( partnership and cooperation) : यो रणनीतिको सफल र प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका संघ, प्रदेश तथा स्थानिय स्तरका लैससास क्षेत्रमा कार्यरत सरोकारवालाहरुसंग निरन्तर समन्वय , साझेदारीता र सहकार्यलाई प्राथमिकतामा राखिएको छ।
7. शुन्य सहनशीलताको( Zero Tolerance): यो रणनीतिले गाउँपालिका भित्र हुने लैङ्गिक तथा अन्य हिंसाका घटनाहरुमा शुन्य सहनशिलताको अंगिकार गरेको छ।
8. कसैलाई पनि हानी नपुर्याउने( Do No Harm) : यस रणनीतिले कसैलाई पनि हानी वा क्षति नपुर्याउने सिद्दान्त लिएको छ।

# २. गाउँपालिकाको लैससासको अवस्था र सन्दर्भ विश्लेषण

## २.१ गाउँपालिकाको लैससासको अवस्था

अजिरकोट गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रममा समुदायका पछाडी परेका समुदायहरु जस्तै दलित, आदिवासी जनजाती, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका, एकल महिला र हिंसा पिडित महिला लगायतलाई प्राथमिकिकरणमा राखेर कार्यक्रम गर्ने प्रयास निरन्तर रहेको छ   स्रोत साधन र सार्वजनिक सेवामा  सबै बर्ग, जाति तथा लिङ्गको समान पहुँच बढाउन, निर्णय प्रकृयामा समानुपातिक प्रतिनिधित्व सुनिशचित गर्न र लक्षितवर्गको उत्थान, विकास र सशक्तिकरणको लागि विभिन्न कार्यक्रमहरु संचालनमा आएका छन् ।बाल बिबाह, बहु बिबाह, महिला हिंसा, तथा अन्य सामाजिक विकृतिहरु रोक्न बिभिन्न कार्यक्रमहरु गरेको पाईन्छ। हिंसा पिडित महिला तथा बालबालिको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्नेको लागि अजिरकोट गाउँपालिकामा लैङ्गिक हिंसा निवारण कोष कार्यविधि निर्माण तथा कार्यान्वयन रहेको छ। गाउँपालिकाले बालमैत्री गाउँपालिका घोषणाको लागि सुचक अनुसार कार्यक्रम गर्दै आएको छ। समुदाय स्तरमा बालक्लब को गठन गरि किशोर किशोरीलाई साईवार अपराध तथा वाल हिंसा तथा दुर्व्यसनी सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालनमा रहेको छ। आर्थिक रुपले विपन्न नागरिकको संरक्षण, सशक्तीकरण,सचेतना विकासाका लागि आय आर्जनका कार्यक्रमहरु रहेका छन्। महिलाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने गरि प्रजनन् स्वास्थ्य, महिलामैत्री भौतिक संरचनाहरु, महिला हिंसा, लैङ्गिक हिंसा, महिला सशक्तिकरण तथा अधिकार जस्ता बिषयहरु आम महिलाका प्रमुख तथा संवेदनशिल विषय भएकोले गाउँपालिकाले यि विषयहरुलाई विशेष प्राथमिकतामा राखेको छ। जातिय हिसावले विविधता रहेको यस गाउँपालिकामा सबै जातजातिको मौलिक संकृति र परम्परा संरक्षण गरि समाजको समविकासको मान्यतालाई आत्मसाथ गर्दै गाउँपालिकाको संस्थागत संरचना र सेवा प्रवाहलाई समावेशी र समानता मुलक बनाउन जोड गरेको छ। लैससास सम्वन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय तहमा रहेका नीतिगत व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस गाउँपालिकामा लैससासलाई नीतिगत रुपमा प्राथमिकतामा राखिएको छ । अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुकालागि परिचयपत्र वितरण गरिएको छ । हिंसाजन्य घटना पिडितको लागि गाउँपालिका स्तरबाट सहयोगको व्यवस्था भइरहेको छ । महिला तथा सामाजिक वा आर्थिक रुपमा वहिष्करणमा रहेका नागरिकहरुकालागि सशक्तिकरण कार्यक्रमहरु संचालन गरिएका छन् ।

महिलाहरु तथा लक्षित बर्गको समानुपातिक सहभागिताको आधारमा सामुदाय स्तरका विकास निर्माणका काम हुने गरेका छन् । महिला तथा लक्षित वर्गहरुको समुदाय स्तरको समिति ,उपसमितिमा समानुपातिक सहभागिता भएतापनि निर्णय गर्ने प्रकृया र नेतृत्व तहमा महिलाहरुको न्युन सहभागिता रहेको छ।  आसनमा मात्र होईन शासनमा पनि महिला भन्ने मान्यतालाई सार्थक बनाउन सकिएको छैन्।  निर्णय प्रकृयामा सहभागी महिला तथा लक्षित बर्गको क्षमता विकासको अभावको कारण अर्थपुर्ण सहभागिताको सुनिश्चितता हुने सकेको छैन। समाजमा विभिन्न जातिय छुवाछुत, लैङ्गिक हिंसा, रुढीबादी परम्पराहरु तथा सामाजिक बिभेद विद्यमान रहेका छन्   गाउँपालिकाको सम्पुर्ण विकास प्रकृयामा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित् गर्न  र  श्रोत साधन, अवसर र लाभको वितरण प्रक्रियालाई पारदर्शी र जवाफदेही बनाउन सकेको अवस्था छैन।

## २.२ लक्षित समुहहरुको नक्सांकन

अजिरकोट गाउँपालिकालाई लैङ्गिक समानता तथा सामाजिक समावेशी मैत्री गाउँपालिका बनाउनको लागि यस गाउँपालिका भित्रका सबै वर्ग तथा समुदायको पहिचान, पहुँच र अर्थपुर्ण सहभागिताको सुनिश्चित गरि आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नुपर्ने हुन्छ।  यस गाउँपालिकामा गरिएको सरोकारवालासंगको छलफल, मुख्य सुचनादाताहरु संगको अन्तरवार्ता, लक्षित समुह संगको छलफल र अन्तरकृया वाट यस गाउँ पालिकाको लागि पहिचान भएका लक्षित समुदाय तथा वर्ग र सम्वन्धित सवालहरु निम्न रहेका छन्।

| क्र.स | लक्षित वर्गको प्राथमिकिकरण | मुख्य बसोबास रहेको स्थान | समस्या/सवाल |
|---|---|---|---|
| १. | बिपन्न दलित ( सार्कि, कामी दमाई) | वडा नं ( ५, ४, ३) | • जातिय छुवाछुत<br>• आर्थिक अभाव, गरिबी<br>• समुदाय स्तरको निर्णयक तहमा न्युन सहभागिता<br>• सरसफाइ तथा फोहोरमौला व्यवस्थापन अभाव<br>• मदिरा सेवनले गर्दा लैङ्गिक हिंसा, बाल हिंसाका घटनाहरुमा बृद्दी<br>• जनचेतनाको अभाव, अशिक्षा |
| 2. | भुजेल जाती | वडा( ३,५,१) | • भाषागत लोभ<br>• आयआर्जको स्रोतमा न्युन सहभागिता<br>• |
| 3. | चेपाङ जाती | वडा नं ५ | • दिगो आयआर्जनको स्रोत नहुनु<br>• जनचेतनाको अभाव<br>• आफ्नो मैलिकपन हराउनु |
| ४ . | अपाङ्गता भएका व्यक्ति ( २७८) | गाउँपालिका सबै | • अपाङ्गतामैत्री भौतीक संरचना नहुनु<br>• क्षमता अनुसारको आर्यआर्जन सम्बन्धी सिप विकासको अभाव<br>• सामाजिक बिभेद<br>• सहायक सामाग्रीकको सहजै उपलब्धता नहुनु<br>• स्वास्थ्य सेवा सुबिधा तथा अन्य सेवामा पहुँचमा कमी |
| ५. | जेष्ठ नागरीक | गाउँपालिका सबै | • पारिवारिक असहयोग<br>• मायाममतामा कमि<br>• निरन्तर स्वस्थ्य परिक्षणमा समस्या<br>• सम्मानित जिवनयपनको व्यवस्था नहुनु |
| ६. | एकल महिला | गाउँपालिका सबै | • सामाजिक बिभेद<br>• आर्थिक स्रोतको अभाव<br>• लैङ्गिक तथा घरेलु हिंसा<br>• आफैमा हिनता बोध<br>• निर्णायक तहमा न्युन सहभागिता |
| ७. | बालबालिका/किशोर किशोरी | गाउँपालिका सबै | • गरिव तथा बिपन्व परिवारको बालबालिकामा सन्तुलित आहारको अभाव तथा कुपोषण<br>• दलित समुदायमा बिद्यालय छोड्ने<br>• बाल हिंसा, बाल श्रम, बाल बिबाह<br>• सुरक्षा<br>• साथिको संगत तथा अरुको |

| | | | |
|---|---|---|---|
| | | | देखासिकिले कुलतमा फस्नु<br>• सामाजिक संजालको दुरुपयोग तथा हिंसा |
| ८. | गरिब तथा बिपन्न | गाउँपालिकाका सबै वडा | • आर्थिक स्रोतको अभाव<br>• बरोजगारी<br>• अशिक्षा ,जनचेतनाको अभाव<br>• लैङ्गिक तथा घरेलु हिंसा<br>• बालबालिकामा कुपोषण |
| ९. | लैङ्गिक तथा यौनिक अल्पसंख्यक | सबै वडा | • पहिचानको अभाव<br>• सामाजिक बिभेद<br>• मानसिक तथा शारिरिक हिंसा |

## २.३ सरोकारवालाहरुको विष्लेषण

अजिरकोट गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र स्थानीय शासन प्रक्रियामा सबै सामाजिक समूहका नागरिकहरूको सहभागिता सुनिश्चित गर्न यस क्षेत्रमा काम गर्ने संघिय सरकार तथा मातहतका मन्त्रालय तथा बिभागहरु, प्रदेश सरकार, आयोग, समितिहरु ,गैर सरकारी संघसंस्थाहरु, सामुदायिक संस्थाहरु र नागरिक विच समन्वय र  साझेदारी आवश्यक हुन्छ। यस लैससास रणनितिक योजना कार्यान्वयनको चरणमा निम्न सरोकारवालाले सहयोग पुर्याउने छन् ।

| **क्र.स** | **लैससासको क्षेत्रमा काम गर्ने मुख्य सरोकारवाला** | **लैससास मुलप्रवाहिकरणको लागि सरोकारवालाको भुमिका तथा कार्य** |
|---|---|---|
| १ | अजिकरोट गाउँपालिका | • नीति , कार्यविधि, कार्ययोजना  निर्माण गर्ने<br>• लैससासको लागि आवश्यक बजेट विनियोजन गर्ने<br>• योजना, कार्यक्रम तथा बजेटको अनुगमन तथा मुल्याङ्कन गर्ने |
| २ | लैससास कार्यन्वयन समिति | • गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि , आवधिक योजना र अन्य प्रकाशीत दस्तावेजमा लैससासको विषयबस्तु समावेश गरि मुलप्रवाहीकरण गर्ने<br>• योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी वनाउन प्रविधिक सहयोग गर्ने<br>• लैससास सम्बन्धी क्षमता अभिवृदि योजना तयार गरी लैससास क्षमता अभिबृदि कार्यक्रम संचालन गर्ने र गराउने<br>• लैससास रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य निकाय तथा |

| | | |
|---|---|---|
| | | सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गर्ने |
| ३ | न्यायिक समिति | • गाउँपालिका तहमा आएका आफ्ना अधिकार क्षेत्र भित्रका सवालहरुमा निर्णय गर्ने र अन्य मुद्दाहरुमा सम्बन्धी निकायमा सिफारीस गर्ने<br>• सबै वडातहमा मेलमिलाप केन्द्र संचालन गर्ने |
| ४ | महिला तथा बालबालिका विकास शाखा | • लैससास सम्बन्धी बनेका रणनीतिको कार्यान्वयन गराउने<br>• महिला बालबालिका तथा लक्षित बर्गको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने<br>• लैससासको शिर्षकमा विनियोन भएको बजेटको समयमानै खर्च गर्ने<br>• लैससासको लागि भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रवद्दानहरु र प्रतिवद्दताहरुबारे अन्य कर्मचारी तथा पदाधिकारीहरुलाई सचेतिकरण गरि कार्यान्वयनमा ल्याउन नेतृत्वदायी भुमिका खेल्ने |
| ५ | वडा समिति | • वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन र व्यस्थापन गर्ने<br>• योजना छनोट प्रकृयामा महिला तथा लक्षित वर्गसंग छुट्टा छुट्टै छलफल गरी उनिहरुको व्यवहारीक र रणनीतिक आवश्यकताको आधारमा योजनाको प्रथमिकिकरण गर्ने<br>• टोल स्तरमा लैससास सम्वन्धी सचेतना कार्यक्रम गर्ने |
| ६ | मेलमिलाप कर्ता | • वडा स्तरमा हुने विवादको समाधान तथा समाधान हुन नसक्ने मुद्दालाई न्यायिक समिति तथा अन्य निकायमा सिफारीस गर्ने। |
| ७ | टोल विकास संस्था | • टोलमा संचालन हुने विकास निर्माण, योजनाहरुको तर्जुमा तथा कार्यान्वयनमा महिला तथा लक्षित वर्गको सहभागिता सुनिश्चित गराउने<br>• टोलमा बसोवास गर्ने गरिव, अपाङ्गता भएका व्यक्ति, तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन र व्यवस्थापनमा सहयोग गर्ने<br>• सबै प्रकारको हिंसा, बाल श्रम तथा बाध्यामक श्रम, बाल विवाह लगाएतका सामाजिक अपराध तथा खराविहरु हटाउन जनचेतना अभिवृद्दी गर्ने<br>• आफ्नो टोललाई वातावरणमैत्री, बालमैत्री, पोषणमैत्री, लैससास मैत्री र पुर्ण सरसफाई युक्त बनाउन कार्यक्रम संचालन गर्ने |
| ८ | प्रहरी कार्यलयहरु, महिला सेल | • घरेलु हिंसा, यौनजन्य वा अन्य लैङ्गिक हिंसाको उजुरीको सुनुवाई गरि पिडितलाई संरक्षण र दोषि उपर कार्वाही गर्ने<br>• अपराधीक कृयाकलाप नियन्त्रण गर्ने। |
| ९ | नागरीक समाज( बाल क्लव, संजाल युवा क्लब, महिला संजाल, आमा तथा महिला समुह, गैर सरकारी संघ संस्थाहरु) | • महिला तथा पिछाषीएका वर्गको लागि सामाजिक परिचालनका क्रियाकलापहरुको तर्जुमा, कार्यान्वयन एंव अनुगमनमा सहयोग गर्ने<br>• समावेशी सवालमा अवाज उठाउने र कार्यगत सिकाईको अभिलेखिकरण गर्ने |

| | | |
|---|---|---|
| | | • सामाजिक विभेद तथा कुरिती विरुद्द आवाज उठाउने र जनचेतनामुलक कार्यक्रम गर्ने |
| १० | सहकारी संघ संस्थाहरु तथा अन्य लद्‍मु वित्त संस्थाहरु | • महिला तथा वञ्चितिकरणमा परेका समुहहरु लागि आर्थिक प्राविधिक र व्यावसायीक सहयोग पुर्याउने<br>• उद्धमशिलता बिकासका लागि लगानी तथा क्षमता बिकास गर्ने |
| ११ | जिल्ला प्रशासन कार्यलय | • शान्ती व्यवस्था र सुरक्षा कायम राख्ने<br>• नागरिकता वितरण<br>• सार्वजनिक अपराधको नियन्त्रण |
| १२ | जिल्ला अदालत | • पीडितलाई न्याय दिने<br>• महिला , बालबालिका तथा नागरिक अधिकारको रक्षा गर्ने |
| १३ | केन्द्रिय तथा प्रादेशीक सरकार | • लैससासलाई राष्ट्रिय नीतिहरूमा एकिकृत गर्दै जोड्ने र लैससास मैत्री सस्थागत ब्यबस्थालाई समन्वय, सहकार्य र साझेदारी गर्ने ।<br>• लैससास दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन, समन्वय तथा पृष्ठपोषण गर्ने ।<br>• लैससास सम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय तथा प्रदेशससँग समन्वय कायम गर्ने ।<br>• लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण कार्यान्वयनका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने ।<br>• महिला तथा वञ्चित समूह लगायत सबैका लागि सेवा सुविधामा पहुँच पु¥याउन कार्यान्वयन तहमा समन्वय कायम गर्ने । |

## २.४ गाउँपालिकाको लैससासको दृष्टिबाट सवल पक्ष र सुधार गर्नुपर्ने पक्ष ,तथा अवसर र चुनौती को विश्लेषण

| **सबल पक्षहरु** | **सुधार गर्नुपर्ने** |
|---|---|
| • गाउँपालिकाले महिला, बालबालिका तथा पिछाडीएको बर्गको संरक्षण र प्रवर्द्दनको लागि प्रत्यक बर्ष बजेट बिनियोन गर्ने गरेको र बिनियोजित रकमको समय मै खर्च हुने गरेको<br>• गाउँपालिकामा आवश्यक ऐन, नीति , कानुना तथा कार्यविधिकरुको निर्माण भएको<br>• “लैङ्गिक हिंसा निवारण कोष कार्यबिधी बनि संचालन मा रहेको।<br>• टोल विकास संस्था, उपभोक्ता समिति, बिषयगत समिति, तथा कार्यदलमा महिला तथा लक्षित वर्गको निर्णायक तहमा प्रतिनिधित्व रहेको<br>• जेष्ठ नागरिक परिचय पत्र तथा अपाङ्गता भएका | • गाउँपालिकामा लैससास कार्यन्वयन समितिको गठन तथा जिम्मेवारी किटान गर्नुपर्ने।<br>• गाउँपालिकामा निर्माण भएका नीति, निर्देशिका, कार्यविधिहरुको लैससास दृष्टिकोणले पुनरावलोकन गर्ने र नयाँ बन्ने नीति, कार्यविधि तथा निर्देशिकालाई लैससास मैत्री बनाउनु पर्ने<br>• योजना व्यवस्थापनका ७ चरण तथा बजेट तर्जुमा प्रकृयामा महिला तथा लक्षीत वर्गको अर्थपुर्ण सहभागिता गराई त्यस बर्गको तत्कालीन तथा दीर्घकालीन आबश्यकताको पहिचान गरि त्यसको आधारमा योजना तथा |

| | |
|---|---|
| व्यक्तिलाई परिचयपत्र वितरण गर्ने गरेको<br>• सबै वडा तथा गाउँपालिका स्तरिया महिला संजाल तथा बाल संजाल गठन गरि सक्रिय रुपमा कार्यक्रमहरु गरेको<br>• कृषि क्षेत्रको अनुदान कार्यक्रममा महिला तथा लक्षित वर्गलाई प्राथमिकता दिने गरेको<br>• लघु उद्मम विकास कार्यक्रम संचालन गरि महिलाहरु तथा लक्षित वर्गलाई उद्ममी बनाउन तिर गाउँपालिका अग्रसर रहेको।<br>• विपत् व्यवस्थापन कोष संचालनमा रहेको<br>• महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि सिप विकास तालिम, उद्ममशिलता विकास कार्यक्रम संचालनमा रहेको।<br>• गरिब तथा बिपन्न परिवारका बालबालिकालाई निशुल्का झोला, पुस्तक तथा पोशाक बितरण तथा दिवा खाजाको वयवस्थापन गरेको<br>• लैङ्गिक हिंसा तथा सामाजिक कुरीति बिरुद्ध जनचेतनामुलक कार्यक्रम संचालन<br>• सामुदायिक बिद्यालयमा बिद्यालय नर्स कार्यक्रम संचालनमा रहेको | कार्यक्रमको छनोट गर्नुपर्ने<br>• सबै सरकारी कार्यलय भवन अपाङ्गता मैत्री, महिला मैत्री र बाल मैत्री बनाउनु पर्ने, साथै सबै सरकारी कार्यलयमा स्थनपान कक्षको व्यवस्था गर्नुपर्ने<br>• नेतृत्व तह तथा निर्णायक तहमा प्रतिनिधित्व गर्ने महिला तथा लक्षित बर्गको क्षमता विकास गरी अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्नु पर्ने<br>• लैससासको लागि आबश्यक बिस्तृत खण्डिकृत तथ्यांक संकलन र अभिलेखिकरण गर्नुपर्ने<br>• महिला हिंसा, बालबिबाह, घरायसी हिंसा निवारण तथा महिलाको नेतृत्व तहमा सक्रिय तथा अर्थपुर्ण सहभागिताको लागि निरन्तर कार्यक्रम गर्नु पर्ने।<br>• महिला तथा लक्षित वर्गको आर्थिक सशक्तिकरणका लागि सिप विकास गरी उनिहरुलाई बित्तिय क्षेत्र तथा वजारको सुनिश्चितता गर्नु पर्ने।<br>• गाउँपालिकाको अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदन प्रणालीलाई लैससासमैत्री बनाउनु पर्ने<br>• लैससासको अबधारण सम्बन्धी पदाधीकारी तथा कर्मचारीको क्षमता विकास गर्नुपर्ने<br>• सरकारी कार्यलयहरुमा लैससास सम्पर्क व्यक्ती तोक्नु पर्ने। |
| **अवसरहरु** | **चुनौतीहरु** |
| • गाउँपालिकालाई आफ्नो आवश्यकता अनुसार संघिय तथा प्रदेशको कानून संग नबाझिने गरि निति, निर्देशिका तथा कार्यविधि निर्माण तथा कार्यन्वयनको अधिकार<br>• गाउँकार्यपालिकामा अधिकतम पदाधिकारी युवा तथा लैससासको बुझाई भएको हुनु।<br>• स्थानिय निर्वाचित जनप्रतिनिधि रहेको हुदाँ महिला तथा लक्षित बर्गको आवश्यता अनुसार र स्थानिय भाषामा सेवा प्रवाह हुने र स्थानिय समस्या स्थानिय स्तरमा नै समाधान हुने<br>• गाउँपालिकाको बजेट सिमा निर्धारण | • गाउँपालिका अन्तरगतका संस्थागत संरचानाहरुलाई लैससास मैत्री बनाउन<br>• बिभिन्न लिङ्ग, बर्ग र जातजाति बिच व्यवहारगत विभेद हटाउन<br>• ऐन, नीति तथा कानूनको व्यवहारीक कार्यान्वन गर्नु<br>• लैससासको लागि आवश्यक खण्डिकृत तथ्याङ्क संकलन र अभिलेखिकरण नहुनु।<br>• गाउँपालिका अन्तर्गत रहेका सबै शाखाहरु विच समन्वय, सहकार्य, र सहअस्तित्वको माघ्यम बाट लैससासको कार्यक्रम संचालन गर्न |

| | |
|---|---|
| समितिलाई लैससासको क्षेत्रमा आवश्यता अनुसार बजेट बिनियोजन गर्ने अधिकार हुनु | |

### २.५ गाउँपालिका र वडागत रुपमा लैससासमा प्रमुख सवालहरु

1. गाउँपालिकाको ऐन, कानुन, नीति, तथा कार्यविधि निर्माण योजना छनोट तथा बजेट तर्जुमा प्रकृयामा लैससास मुलप्रवाहिकरण नहुनु
2. महिला तथा लक्षित बर्गको नेतृत्व तह तथा निर्णायक प्रकृयामा अर्थपुर्ण सहभागिता न्युन रहनु
3. लैससास सम्बन्धी बिस्तृत खण्डिकृत तथ्याङ्क नहुनु
4. महिला तथा लक्षित वर्गको आर्थिक स्रोतमा न्युन पहुँच, बेरोजगारी तथा सामाजिक सशक्तिकरण न्युन हुनु।
5. लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक विभेद, सामाजिक कुप्रथाहरु पिछडिएको बर्ग तथा समुदायमा विद्घयमान रहनु
6. लैङ्गिक उत्तरदायी बजेट विनियोजना र लैससास परिक्षण निरन्तर नहुनु
7. गाउँपालिकाका पदाधिकारि तथा कर्मचारी लैससासबारे कम सचेत रहनु तथा लैससास बिषय गाउँपालिको न्युन प्राथमिकताको विषयमा रहुनु
8. महिला तथा लक्षित बर्ग तथा समुदाय आफ्नो अधिकार, मौलिक हक, राज्यका नीति तथा कानुन बारे सचेत नहुनु
9. गाउँपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन नहुनु र यसलाई संस्थागत गर्न नसक्नु।
10. भैतिक संरचनाहरु अपाङ्गतामैत्री, महिला मैत्री तथा बाल मैत्री नहुनु

## ३. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुलप्रबाहिकरण रणनीति

### ३.१ दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरु

**दिर्घकालिन सोच**: "लैङ्गिक तथा सामाजिक विभेद रहित ,समतामुलक र सामाजिक न्यायमा आधारित गाउँपालिकाको निर्माण गर्ने"

**लक्ष्यः** "महिला तथा लक्षित वर्गको सवालहरुलाई मुलप्रवाहिकरण गरी सहभागितामुलक शासनको सुनिश्चिति गर्दै अजिरकोट गाउँपालिकालाई लैससास मैत्री गाउँपालिका बनाउने।

**उदेश्यहरु:**

1. अजिरकोट गाउँपालिकाको नीति, योजना, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाई लैससास मैत्री शासन व्यवस्था प्रवर्द्धन गर्ने।
2. गाउँपालिकाको सम्पुर्ण योजना, बजेट तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन प्रकृयामा लैससास संस्थागत गरि महिला तथा पिछडिएका वर्ग तथा समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चतता गर्ने।
3. गाउँपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु- संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभुति हुने सभ्य समाजको निर्माण गर्ने।

4. सामाजिक वा आर्थिक रुपमा वञ्चितिकरणमा रहेका वर्ग तथा समुदायहरुको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरण र आधारभुत अधिकारहरुको सुनिश्चित गर्ने
5. लैससासबारे संविधानमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्न, राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरु साथै संघिय तथा प्रदेश सरकारको लैससास सम्बन्धमा गरिएका प्रतिबद्दहरुको प्रभाकारी कार्यान्वियन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने अनुरुपको दायित्व पुरा गर्नु
6. गाउँपालिकाको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मुल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।
7. महिला तथा लक्षित वर्गको सामाजिक तथा आर्थिक सशक्तिकरण र आधारभुत अधिकारहरुको सुनिश्चित गर्ने
8. कर्मचारी तथा पदाधीकारीहरुको लैससास संवेदनशिलता सम्बन्धी क्षमता विकास गरि गाउँपालिका, वडा कार्यालय र यसका शाखाहरुमा लैससास संवेदनशिल अभ्यासहरुको विकास गर्ने।

## ३.२ लैससास मुलप्रवाहिकरणको रणनीति

अजिरकोट गाउँपालिकाले तय गरेको सोच, लक्ष्य तथा उद्देश्यहरु परिपूर्ति गरी लैङ्गिक समानता तथा सामाजिक समावेशि शासन व्यवस्था स्थापित गरि सबै नागरिकको हक हितको संरक्षण र सहभागितामुलक ढंगले समानुपतिक विकास गर्न देहाय बमोजिमको रणनीतिहरु अबलम्बन गरिने छ।

1. गाउँपालिकामा लैससासको अबधारणलाई संथागत गर्न गाउँपालिकाको ऐन, नीति, कानुन, आवाधिक योजना, योजना तर्जुमा, बजेट तर्जुमा तथा कार्यान्वयन प्रकृयाहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन तथा तर्जुमा गरिने छ।
2. गाउँपालिकाको योजना, कार्यक्रम तथा बजेटलाई लैङ्गिक उत्तरदायी बनाउंदै सामाजिक रुपमा पछाडी पारिएका वर्गको गुणस्तरिय शिक्षा,स्वस्थ्य तथा रोजगारीलाई प्रबर्द्दन गरिने छ।
3. लैङ्गिक समानता तथा सामाजिक समावेशी परिक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा पिछडीएका वर्गको अर्थपुर्ण सहभागिताको सुनुश्चितता गरिने छ।
4. स्रोत र साधनमा पहुँच र नियन्त्रणमा पछाडी परेका महिला तथा लक्षित वर्गको क्षमता विकास गरि गाउँपालिकाको समग्र शासन प्रणालीमा अर्थपुर्ण सहभागिता गराई आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरण गरिने छ।
5. गाउँपालिका सेवा प्रवाह, संस्थागत संरचना तथा अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई लैससास मैत्री बनाई पालिकामा सुशासन प्रवर्द्दन गर्न जनप्रतिनिधि, सम्पूर्ण बिषयगत शाखाका कर्मचारी तथा सरोकारवालालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्षमता अभिबृद्दी गरिने छ।
6. शुन्य सहनशिताको रणनीतिको माध्यमद्दारा सामुदाय स्तरमा व्यापक जनचेतना बृद्दि गरि विद्ममान लैङ्गिक हिंसा, बाल श्रम तथा हिंसा ,सामाजकि बिभेद तथा हानिकारक परम्परागत अभ्यासको अन्त्यका गरिने छ।

## ३.३ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी कार्ययोजना

| **रणनीतिक उद्देश्यहरु** | **प्रमुख क्रियाकलापहरु** | **समयावधि** | **लक्षित समुह** | **जिम्मेवारी** |
|---|---|---|---|---|
| गाउँपालिकामा लैससासको | • गाउँपालिका स्तरिय लैससास कार्यान्वयन समितितको गठन गरि | आ.व २०८०-०८१ | गाउँपालिकाका सरोकारवाला | महिला तथा बालबालिका |

| | | | | |
|---|---|---|---|---|
| अबधारणलाई संस्थागत गर्न गाउँपालिकाको ऐन, नीति, कानुन, आवाधिक योजना, योजना तर्जुमा, बजेट तर्जुमा तथा कार्यान्वयन प्रकृयाहरुको लैससासको दृष्टिकोणबाट पुनरावलोकन तथा तर्जुमा गरिने छ। | ति समितिको जिम्मेवारी तथा अधिकारहरु स्पष्टसंग निर्क्योल गरि परिचालन गर्ने | | सबै | विकास शाखा |
| | • गाउँपालिकामा लैससासलाई संस्थागत गर्न आवश्य नीति, कार्यविधि तथा मापदण्डहरु तर्जुमा गर्ने | आ.ब २०८१-०८२ | गाउँपालिकाको सरोकारवाला सबै | लैससास कार्यान्वयन समिति |
| | • गाउँपालिकमा निर्माण भएका ऐन, नीति, कार्यविधि, तथा मापदण्डहरुको लैससास दृष्टिकोणले पुनरावलोकन गरि र आवश्यकता अनुरुप संशोधन गर्ने। | आ.व २०८२-०८३ | गाउँपालिकाको सरोकारवाला सबैको | लैससास कार्यान्वयन समिति |
| | • लैससास कार्यान्वयन समितिको पदाधिकारीहरुको लैससास सम्बन्धी क्षमता विकास तालिम गर्ने | आ.व २०८१-०८२ | समितिका पदाधिकारीहरु | प्रशासन शाखा |
| | • नवनिर्वाचित कार्यपालिका सदस्यहरुलाई नीति, कानुन, ऐन, कार्यविधिको मस्यौदा निर्माण सम्बन्धी तालिम दिने | आ.व २०८१/०८२ | कार्यपालिका सदस्य | प्रशासन शाखा |
| | • महिला जनप्रतिनिधी तथा लक्षित बर्गको प्रतिनिधित्व गर्ने जनप्रतिनिधिलाई प्राथमिकतामा राखि नेतृत्व क्षमता विकासको तालिम दिने। | आ.व २०८१/०८२ | कार्यपालिका सदस्य | प्रशासन शाखा |
| | • गाउँपालिकामा निर्माण भएका निति, ऐन, निर्देशिका तथा कार्यविधिहरु सबै जनताको पहुँचमा हुने गरि सार्वजनिक गर्ने। | निरन्तर | नगरपालिका सबै | सुचना तथा प्रविधी शाखा |
| गाउँपालिकाको योजना, कार्यक्रम तथा बजेटलाई लैङ्गिक उत्तरदायी बनाउंदै सामाजिक रुपमा पिछडिएका वर्गको गुणस्तरिय शिक्षा,स्वस्थ्य तथा रोजगारीलाई प्रबर्द्दन गरिने छ। | • गाउँपालिकाले आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकालाई निशुल्क पाठ्यपुस्तक, शैक्षिक सामाग्री तथा पोसाक र छात्रबृत्तिको व्यवस्था गर्ने | निरन्तर | लक्षित बर्गका बालबालिका | शिक्षा शाखा |
| | • प्राविधिक शिक्षामा सामाजिक र आर्थिक रुपमा विपन्न समुदायलाई प्राथमिकता दिई ति वर्गकोको पहुँच वृद्धि गर्ने। | निरन्तर | लक्षित वर्ग सबै | शिक्षा शाखा |
| | • उच्च शिक्षा अध्यन गर्ने दलित, गरिव तथा बिपन्न परिवारको बिद्धार्थिहरुको लागि लोक सेवा तयारी कक्षा संचालन गर्ने | निरन्तर | आर्थिक बिपन्न तथा जेहेन्दार सबै | शिक्षा शाखा |
| | • भुजेल तथा चेपाङ जातिका भाषा | आ.ब २०८०- | थारु तथा मगर | शिक्षा शाखा |

| | | | | |
|---|---|---|---|---|
| | तथा संस्कृतिको संरक्षणको लागि कार्यक्रम गर्ने। | ०८१ देखि | समुदाय | |
| | • अपाङ्गता भएका छात्र छात्राका लागि सहज शैक्षिक सिकाइ वातावरण तयार गर्ने। | आ.ब २०८०-०८१ | अपाङ्गता भएका व्यक्ति सबै | शिक्षा शाखा तथा सामाजिक विकास शाखा |
| | • दलित महिला समुहरुलाई आफ्नो हक र अधिकार प्रति सचेतकरण तथा नेतृत्व क्षमता विकासको लागि अनौपचारीक शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गर्ने। | आ.व २०८२-०८३ | दलित महिलाहरु | महिला विकास शाखा |
| | • सामुदायिक सिकाई केन्द्रलाई व्यवस्थित गरि आयआर्जसंग जोड्ने। | आ.व २०८१-०८२ | शिक्षाको पहुँचबाट बहिर रहेका सबै | शिक्षा शाखा |
| | • गर्भवती महिला, सुत्केरी तथा सुनौलो हजार दिनका महिलाहरुलाई जोखिमयुक्त तथा खतरायुक्त काममा नलगाउने तथा बालबच्चाको पोषण सुनिश्चितात लागि प्रजनन् नीति तयार गरि प्रभावकारी कार्यान्विय गर्ने | आ.ब २०८१-०८२ | सुत्करी तथा गर्भवती महिला | स्वस्थ्य शाखा |
| | • महिला, आर्थिक रूपले विपन्न घर परिवार लगायत लक्षित समुहको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट व्यवस्था गर्ने | आ.ब २०८१-०८० देखि लागु गर्ने | गरिव तथा विपन्न परिवार | स्वस्थ्य शाखा |
| | • गाउँपालिका भित्रका ७० बर्ष माथिका जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ती गर्भवती तथा सुत्केरी हरुको स्वस्थ्य उपचारको घुम्ती सेवा संचालन गर्नुपर्ने | निरन्तर | जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा गर्वपति तथा सुत्केरी | स्वस्थय शाखा |
| | • जेष्ठ नागरिक दिवा सेवा साथै बिश्रम स्थलको व्यवस्था गर्ने । | २०८२-०८३ | जेष्ठ नागरिक | म.ब. बि.शा |
| | • भुजेल तथा चेपाङ जातिका युवा तथा महिलाहरुलाई लागि दिगो आयआर्जको स्रोतको व्यवस्था गर्ने | २०८२-०८३ | भुजेल, चेपाङ | प्रशासन शाखा |
| लैङ्गिक समानता तथा सामाजिक समावेशी परिक्षण र लैङ्गिक | • गाउँपालिकाले लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण कार्यविधि बनाई प्रभावकारी रुपमा | आ.व २०८१-०८२ | गाउँपालिका सबै | आर्थीक प्रशासन शाखा, महिला तथा वालबालिका |

| | | | | |
|---|---|---|---|---|
| उत्तदायी बजेट मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा पिछडीएका वर्गको अर्थपुर्ण सहभागिताको सुनुश्चितता गरिनेछ | कार्यन्वयन गर्ने | | | विकास शाखा |
| | • गत आर्थिक बर्षको बजेट तथा कार्यक्रमलाई चालु आ. ब पहिलो चौमासीक भित्रमा लैससास दृष्टिकोणले परिक्षण गर्ने | निरन्तर | गाउँपालिका सबै | महिला तथा वालबालिका विकास शाखा |
| | • लैङ्गिक उत्तरदायी बजेट तथा योजना लाई गाउँपालिकाले आन्तरिकिकरण गरि यसको प्रभावकारी कार्यान्वयनको लागि कर्मचारी तथा पदाधिकारिको क्षमता विकास गर्ने | आ.व २०८१-०८२ | गाउँपालिका सबै | महिला तथा वालबालिका विकास शाखा तथा लेखा शाखा |
| | • लैससास उत्तरदायी योजना तथा बजेट तर्जुमा गर्न आवश्यक तथ्याङ्क र सुचकहरुलाई व्यवस्थित र आवधिक गर्ने प्रणाली स्थापित गर्ने। | आ.व २०८१-०८२ | गाउँपालिका सबै | महिला तथा वालबालिका विकास शाखा, सुचना शाखा |
| स्रोत र साधनमा पहुँच र नियन्त्रणमा पछाडी परेका महिला तथा लक्षित वर्गको क्षमता विकास गरि गाउँपालिकाको समग्र शासन प्रणालीमा अर्थपुर्ण सहभागिता गराई आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरण गरिने छ। | • गाउँपालिका भित्रका आर्थिक अवस्था कमजोर तथा बिपन्न परिवारको पहिचान गरि अभिलेख राख्ने | २०८२/०८३ | गरिव तथा विपन्न परिवार | पञ्जिकरण शाखा, सामाजिक विकास शाखा |
| | • महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जाती तथा बिपन्न परिवारको परम्परागत तथा व्यवहारीक सिप र क्षमताको पहिचान तथा अध्यायन गर्ने | आ.ब २०८१-०८२ | लक्षित बर्ग सबै | महिला तथा वालबालिका विकास शाखा, उद्मम सहजकर्ता |
| | • महिला तथा लक्षित वर्गको पहिचान भएका क्षमता तथा आवश्यकताको आधारमा सिप विकास, उद्मशिलता विकास तालिमा, बैङ्किङ तथा वित्तिय कारोवार, बजार व्यवस्थापन सम्बन्धी तालिम दिने | आ.व २०८१-०८२ | गाउँपालिकाको प्राथमिकिकरण मा परेका लक्षित बर्ग सबै | महिला तथा वालबालिका शाखा तथा उद्मम सहजकर्ता |
| | • अघिल्ला बर्षहरुमा संचालन गरिएका सिप विकास तालिमको असर प्रभावको मुल्याङ्कन गरि चालु आर्थिक बर्षको लागि कार्यक्रम तर्जुमा गर्ने र कार्यक्रमको दोहोरोपन नियन्त्रण गर्ने। | निरन्तर | गाउँपालिका सबै | योजना शाखा तथा म.बा.वि.शा |
| | • उद्मशिलता तथा व्यवसाय संचालन गर्ने आवश्यक रकम अनुदान तथा सहुलियत ऋण सहयोग गर्ने व्यवस्था गर्ने | आ.व २०८२-०८३ | गाउँपालिकाको प्राथमिकिकरण मा परेका लक्षित बर्ग सबै | महिला विकास शाखा तथा लेखा तथा प्रशासन शाखा |
| | • गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, आवधिक योजनामा महिला उद्मशिलता तथा लक्षित | निरन्तर | महिला तथा पालिकाको प्रथमिकिकरण | महिला तथा वालबालिका विकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| | वर्गको व्यवसाय प्रवर्द्दन गर्ने खालको कार्यक्रम तथा आवश्यक वजेटको विनियोजन गर्ने। | | मा परेका लक्षित बर्ग सबै | योजना छनोट समिति |
| | • उद्यमशिलता प्रवर्द्दनका लागि विमा व्यवस्थालाई अनिवार्य लागु गरि बजारिकरणको सुनिश्चितता गर्ने | आ.व २०८३-०८४ | महिला तथा प्रथमिकिकरण मा परेका लक्षित बर्ग सबै | उद्यमशिलता सहजकर्ता |
| | • बैदेशिक रोजगारी सम्बन्धी तथ्याङ्क संकलन गरि बैदेशिक रोजगारिमा रहेका परिवार तथा वा फर्किएका महिला तथा पुरुषहरुको सीप, ज्ञान र आम्दानीलाई व्यवस्थित र पुन: उत्पादन मुलक बनाउने कार्यक्रमहरु गर्ने | निरन्तर | बैदेशिक रोजगारबाट फर्किएका युवा | प्रशासन शाखा रोजगार संयोजक |
| | • गरिब तथा बिपन्न परिवारका बेरोजगार युबाहरुको पहिचान गरि आबस्यकतमा आधारितमा भई सिममुलक तालिम दिई रोजगारी प्रवर्धन गर्ने | आ.व २०८२-०८३ | बेरोजागर युवा | प्रशासन शाखा |
| | • दलित तथा विपन्न वर्गका युवा तथा महिलालाई कृषि प्रविधीक तथा पशु प्रविधीक सम्बन्धी तालिम दिने। | आ .व २०८१-०८२ | लक्षित बर्गका युवा | पशू तथा कृषि सेवा शाखा |
| गाउँपालिका सेवा प्रवाह, संस्थागत संरचना तथा अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई लैससास मैत्री बनाई पालिकामा सुशासन प्रवर्द्दन गर्न जनप्रतिनिधि, सम्पूर्ण बिषयगत शाखाका कर्मचारी तथा सरोकारवालालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्षमता अभिबृद्दी गरिने छ। | • गाउँपालिकाले लैससास सम्बन्धी कर्मचारी तथा पदाधीकारीहरुको क्षमता विकास गर्न कार्य योजना तयार गरी छुट्टै शिर्षकमा बजेट विनियोजन गर्ने व्यवस्था गर्ने | आ.ब २०८१-०८२ देखि निरन्तर | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | प्रशासन शाखा |
| | • गाउँपालिका स्तरमा लैससास सम्बन्धी मास्टर प्रशिक्षक उत्पादन गरि परिचाल गर्ने | आ.ब २०८१-०८२ सम्म | महिला विकास शाखाको कर्मचारी | प्रशासन शाखा |
| | • गाउँपालिका, वडा कार्यलयहरुमा स्तनपान कक्षको व्यवस्था गर्ने। | आ.व २०८१-०८२ | गाउँपालिका सबै | महिला तथा बालबालिका विकास शाखा |
| | • कर्मचारी तथा पदाधिकारीहरुलाई लैससास संवेदनशिल भाषाको प्रयोग सम्बन्धी तालिम दिने | आ.ब २०८१-०८२ | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा तथा महिला तथा वालबालिका विकास शाखा |
| | • गाउँपालिकामा संचाल हुने सबै तालिम, अन्तरकृया र गोष्ठीहरुमा अनिवार्यरुपमा लैससासको विषय समेट्ने साथै लैससास मैत्री भाषा प्रयोगको सुनिश्चितता गर्ने | निरन्तर | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | महिला तथा वालबालिका विकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| | • कर्मचारी पदाधिकारी तथा सरोकारवालालाई दिगो विकास लक्ष्य, बेजिङ घोषणा पत्र, साथै लैससास सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्दताहरु सम्बन्धी अभिमुखिकरण गर्ने। | आ.व २०८१-०८२ | सबै विषयगत शाखाका कर्मचारी तथा पदाधीकारी | महिला तथा बालबालिका विकास शाखा |
| | • लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) गठन गरि संजालका प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिम प्रदान गर्ने। | आ.व २०८२-०८३ | सबै सरोकारवाला | महिला तथा वालबालिका विकास शाखा |
| | • गाउँपालिका भित्रका लक्षित बर्गमा पुगेको लाभ, असर र प्रभावको बिश्लेषण गर्ने लैससास मैत्री अनुगमन मापदणड तयार गर्ने | आ.ब २०८०-०८१ | गाउँपालिका सबै | अनुगमन समिति |
| | • अनुगनमन तथा मुल्याङ्कन समितिको लैससास मैत्री अनुगमन, मुल्याङ्कन तथा प्रतिबेदन तयार सम्बन्धी क्षमता विकास गर्ने | आ.व २०८१-०८२ | अनुगमन समिति | प्रशासन शाखा |
| | • गाउँपालिकामा गठन हुने बालक्लव, आमा समुह, महिला समुह, सहकारी, किशोरकिशोरी समुहलाई लैससास सम्बन्धी अभिमुखिकरण गर्ने | आ.ब २०८२-०८३ | सरोकारवाला सबै | महिला तथा बालबालिका विकास शाखा |
| शुन्य सहनशिताको रणनीतिको माध्यमद्वारा सामुदाय स्तरमा व्यापन जनचेतना बृद्दि गरि विद्दमान लैङ्गिक हिंसा, बाल हिंसा, सामाजकि बिभेद तथा हानिकारक परम्परागत अभ्यासको अन्त्यका गरिने छ। | • गाउँपालीका भित्रका सबै वडाका बिभिन्न समुदायहरुमा विद्यमान लैङ्गिक हिंसा, बाल हिंसा, सामाजिक विभेदको अवस्था , हिंसाकि कारण र असरको अध्ययन गर्ने। | आ.व २०८१-०८२ | गाउँपालिका सबै | महिला तथा वालबालिका विकास शाखा |
| | • महिला हिंसा तथा महिला सशक्तिकरणमा प्रत्यक कार्यक्रममा पुरुषको समान सहभागिताको सुनिश्चित गर्ने। | निरन्तर | सरोकारवाला सबै | प्रशासन शाखा |
| | • गाउँपालिका भित्रका सबै सरकारी कार्यलयहरुमा लैससास सम्पर्क व्यक्ती तोक्ने। | आ. व २०८०-८१ सम्म | कर्मचारी तथा पदाधिकारी | प्रशासन शाखा |
| | • गाउँपालीकाले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रब्यदृश्य समेतका सबै माध्यमद्वारा लैङ्गिक हिंसा, घरेलु हिंसा, तथा सामाजीक कुरीति उल्मुलन सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचितगर्ने। | निरन्तर | समुदायका सबै | सुचना शाखा |
| | • महिला तथा बालबालिका विकास शाखा अन्तर्गत एकिकृत सुचना प्रणालीको विकास गरी लैङ्गिक | आ.व २०८२-०८३ | गा.पा सबै | सुचना तथा प्रविधि शाखा |

| | | | | |
|---|---|---|---|---|
| | हिंसा निवारण सम्बन्धी सम्पुर्ण सुचनालाई एकिकृत गर्ने | | | |
| | • सबै वडाहरुमा हानिकारक सामाजिक कुसंस्कारले पारेको असर र प्रभावका बारेमा पदाधिकारी, लैससास क्षेत्रमा कार्यरत समुह, सञ्जाल र संयन्त्रसंग समय समयमा समिक्षा गर्ने | निरन्तर | हिंसा पिडित सबै | महिला तता बालवालिका विकास शाखा |
| | • समुदायतह देखि महिला हिंसा बिरुद्दको सुचना र हिंसा भएमा कसरी उजुरी गर्ने कहाँ गर्ने भन्ने लगायतका सुचनाहरु स्थानिय भाषा र सबैको पहुँचमा हुनेगरि प्रवाह गर्ने। | निरन्तर | हिंसा पिडित महिला तथा समुह | महिला तथा वालबालिका विकास उपशाखा,सुचना प्रविधि शाखा नगर प्रहरी |
| | • जिल्ला प्रहरी कार्यलयसंग समन्वय गरि सबै किसिमका हिंसा विरुद्द सरल र सहज ढङ्गबाट उजुरी दर्ता गर्ने र सम्बोधन गर्ने प्रणालीको विकास गर्ने | आ.व २०८१-०८२ | हिंसा पिडित सबै | महिला तथा वालबालिका विकास उपशाखा |
| | • हिंसा तथा दुव्र्यवहारमा परेका जेष्ठ जागरिक, महिला तथा अन्य नागरिकहरुलाई संरक्षण ,उपचार र मनोविमर्श तथा निःशुल्क सहायता उपलव्ध गराउन लैङ्गिक हिंसा निवारण कोष प्रभावकारी संचालन साथै हिंसा पिडितलाई सुरक्षको लागि सुरक्षित आवास गृहको व्यस्था गर्ने | आ.ब २०८२/०८३ | हिंसा पिडित सबै | लेखा शाखा तथा म.ब.वि.शा |
| | • बालमैत्री गाउँपालिका घोषणा लागि सूचकहरुमा व्यपक काम गर्ने | आ.व २०८३-०८४ | बालबालिका सबै | महिला बालबालिका विकास शाखा, सामाजिक विकास शाखा |
| | • हिसां मुक्त गाउँपालीका र वडा घोषण गर्न सुचक तयार गर्ने र सुचकको आधारमा कार्ययोजना तयार गरि कार्यान्वियन गर्ने। | आ.व २०८२-८३ | गा.पा सबै | महिला तथा वाल बालिका विकास शाखा, प्रशासन शाखा |
| | • गाउँपालीकाको अगुवाईमा सामुदायीक संघसंस्था, युवा क्लव, बाल क्लव तथा निगरानी समुहहरुको गठन तथा परिचालन गरि लैङ्गिक विभेद तथा हिंसा | निरन्तर | हिंसा पिडित महिला तथा समुह | महिला तथा बालबालिका विकास शाखा |

| | | | | |
|---|---|---|---|---|
| | नियन्त्रणका लागि ति संघसस्थाहरु संग सहकार्य समन्वय गर्ने। | | | |
| | • लैङ्गिक हिंसा मुक्त गाउँपालिका घोषणा गर्ने | आ.व २०८४-०८५ सम्म | गाउँपालिका सबै | महिला तथा वाल बालिका विकास शाखा, प्रशासन शाखा |

## ३.४ लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागी आवश्यक संस्थागत व्यवस्था

लैससास मुलप्रवाहीकरण रणनितिक योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न निम्न समितिहरु व्यवस्था गरिने छ।

**३.४.१. गाउँपालिका स्तरीय लैससास कार्यान्वियन समितिको गठन**

गाउँपालिका स्तरीय लैससास कार्यान्वियन समितिको गठन यस प्रकार हुनेछ।

1) गाउँपालिकाका अध्यक्ष - संयोजक
2) उपाध्यक्ष - सदस्य
3) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
4) सामाजिक विकास समितिका संयोजक, – सदस्य
5) कार्यपालिकाका सदस्यहरु मध्येबाट कम्तिमा २जना महिलासहित संयोजकले तोकेका ३जना -सदस्य
6) सामुदायिक सङ्घसंस्थाहरू मध्येबाट समावेशी प्रतिनिधित्व हुनेगरी संयोजकले तोकेका ३जना –सदस्य
7) लैससास हेर्ने शाखाका प्रमुख- सदस्य सचिव

समितिका पदाधिकारी तथा सदस्यहरु ७ देखि १३जना सम्म रहन सक्नेछन्।

**३.४.२. वडास्तरमा लैससास कार्यान्वियन समिति गठन**

प्रत्येक वडास्तरमा देहाय बमोजिमको लैससास कार्यान्वियन समिति गठन गर्न सकिने छ। सो समिति मार्फत लैससास सम्बन्धी सबै किसिमका कार्यक्रमहरुको समुदाय स्तर सम्म पुराउने सुनिश्चितता गरिने छ।

1) वडा अध्यक्ष -संयोजक
2) वडा सदस्य( महिला र दलित महिला सहित) -३जना सदस्य
3) वडा सचिव - सदस्य सचिव
4) अतिथि: सङ्घ संस्थाबाट आवश्यकता अनुसार २जना सदस्य

**३.४.३. लैससास कार्यान्वियन समितिको काम कर्तव्यर अधिकार**

- लैससास रणनितिलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गर्ने
- गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानुन, कार्यबिधि , आवधिक योजना र अन्य प्रकाशीत दस्तावेजमा लैससासको विषयबस्तुको मुल प्रवाहीकरण गर्ने

- लैससास मुलप्रवाहिकरण रणनिति अनुरुप लैङ्गिक तथा समाजिक विकासको कार्यबिधि तयार गरि कार्यान्वयन गर्ने
- योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्रविधिक सहयोग गर्ने
- लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्न सहयोग गर्ने
- लैससास सम्बन्धी क्षमता अभिँवृदि योजना तयार गरि लैससास क्षमता अभिबृदि कार्यक्रम संचालन गर्ने र गराउने
- लैससास रणनिति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने
- यी माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने।

**३.४.४ वडा स्तरिय लैससास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।**

- गाउँपालिकाको लैससास समन्वय समितिले गरेको कार्यहरु जस्तै ऐन, कानुन, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेज समुदाय स्तरका सरोकारवाला र नागरिक समाजसंग छलफल गरी लैससास सम्बन्धी विषयवस्तुहरुको समाबेश गर्न समन्वयकारी भुमिका निर्वाह गर्ने
- योजना तथा बजेट तर्जुमा प्रकृया देखि कार्यन्वयन र अनुगमानको चरण सम्म समुदायका विपन्न बर्ग, तथा महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसंग समन्वय र सहकार्य गर्ने
- गाउँपालिकाको वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल आझावधिक गर्न प्रविधिक सहयोग गर्ने
- वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारीता ल्याई महिला र विपन्न वर्गहरुको सुचना, श्रोत र साधनमा पहुँच बढाई फाईदाको समानुपातिक वितरण सुनिश्चितता गर्न नेतृत्वदायी भुमिका निभाउने
- गाउँपालिकाको वडा स्तरमा लैससास सम्बन्धि क्षमता विकास को योजना तयार गरि लैससास क्षमता बिकास कार्यक्रम संचालन गर्ने र गराउने
- यी माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने

**३.४.५. वैठक, कार्यविधि र सेवासुविधा**

1) गाउँपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासिक रुपमा बस्नेछ,
2) वडा स्तरीय समितिको बैठक प्रत्यक ६ महिनामा बस्नेछ।
3) समितिको वैठकहरूको कार्यविधि गाउँपालिकाका अन्य समिति वा उपसमिति सरह हुनेछ।
4) सेवा सुविधा नगरपालिकाको नियम बमोजिम हुनेछ।

**३.४.६ सम्पर्क व्यक्ति**

गाउँपालिकाले लैससासलाई संस्थागत गर्नको लागि सामाजिक विकास शाखा वा महिला तथा बालबालिका विकास शाखामा कार्यरत कर्मचारीलाई सम्पर्क व्याक्ति तोकी लैससासको सवालहरुलाई सम्बोधन गर्न सहज बनाउने, शाखा अन्तरगत कार्यक्रम एवम् आवश्यक स्रोत व्यवस्थापन गर्नेछ।

## ३.५ लैससास रणनीति कार्यान्वयनको लागी स्रोत परिचालन

**३.५.१आर्थिक पक्ष**

लैससास रणनितिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु अजिरकोट गाउँपालिकाको प्रमुख दायित्व हुनेछ। गाउँपालिकको सम्पुर्ण बिषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममानै लैससासलाई मुलप्रबाहिकरण गर्नु पर्दछ। यो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधी, मापदण्ड, निर्देशिका निर्माण ,लैससास विज्ञको आपुर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित श्रोत साधनबारे सरोकारवालाहरुसंग छलफल गरी  रणनीति योजना कार्यान्वयनका लागि बन्ने कार्य योजनामा उल्लेख गरिने छ। यसका लागि आन्तरिक तथा बाह्य श्रोतको समेत परिचालन गर्न आवश्यक हुन्छ।

**३.५.२ मानविय स्रोत**

लैससास मुलप्रवाहिकरण रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार गाउँपालिका स्तरिय लैससास कार्यन्वयन समिति हुने छ। साथै यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँपालिकाका सबै पदाधिकारी, कर्मचारी वडा, टोल स्तरिय समिति लगाएत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ। गाउँपालिकाले रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको क्षमता विकास गरी जिम्मेवार बनाउने छ। बिशेषगरी महिला तथा बालाबालिका बिकास शाखाले लैससास कार्यान्वियन समितिलाई यो रणनीतिक योजना लागु गर्नको लागि सहयोग गर्ने छ।

## ३.६ लैससास रणनीतिक योजनाको कार्यान्वयनको अनुगमन तथा मुल्यांकन

अजिरकोट गाउँपालिका स्तरिय लैससास मुलप्रवाहीकरण रणनीतिक योजना अनुगमन तथा मुल्याङ्कनको लागि ५ सदस्यि अनुगमन तथा मुल्याङ्कन समिति गठन गरिने छ। अनुगमन समितिमा लैससास सम्बन्धी ज्ञान भएको कर्मचारी,पदाधीकारी तथा तथ्याङ्कमा काम गर्ने जनशक्ति समावेश गरिने छ।  यो रणनीति योजना कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मुल्याङ्कन योजना तय गरिएको छ।

| **अनुगमन र मुल्याङ्कन** | **समयवधी** | **जिम्मेवारी** |
|---|---|---|
| अर्धबार्षिक प्रगती समिक्षा | प्रत्यक छ, छ महिनामा | महिला बालबालिका विकास शाखा ,लैससास कार्यान्वियन समिति |
| वार्षिक समिक्षा तथा वार्षिक कार्य योजना तर्जुमा | प्रत्यक आ. वर्षको भदौ मसान्त भित्र | महिला बालबालिका विकास शाखा ,लैससास कार्यान्वियन समिति |
| मध्यअवधि समिक्षा | तेस्रो बर्षको पहिलो चौमासीकमा | लैससास समिति |
| लैससास सम्बन्धी तथ्याङ्कको अध्यावधिक | प्रत्यक १, १ बर्षमा | सुचना तथा प्रविधि शाखा तथा प्रशासन शाखा |
| लैससास सम्बन्धी वार्षिक स्थिति पत्र प्रकाशन गर्ने | वार्षिक | लैससास कार्यान्वियन समिति |
| रणनीति कार्यान्वयन र उपलब्धीका | वार्षिक | गाउँपालिका तथा वडा कार्यालयहरु |

| | | |
|---|---|---|
| सम्बन्धमा सार्वजनिक सुनुवाई | | |

## ३.७ संभावित जोखिम तथा न्युनिकरणका उपायहरु

लैससास रणनितिक योजना कार्यन्नयनमा आउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्युनिकरणका उपायहरु

| **क्र. सं.** | **सम्भावितजोखिम** | **जोखिम न्युनिकरणका उपायहरु** |
|---|---|---|
| १ | लैससास विषय गाउँपालिकाको प्राथमिकतामा नपर्न सक्छ। | लैससासलाई प्राथमिकतामा राख्न नीतिगत व्यवस्था गर्ने। |
| २ | रणनीति कार्यान्वियन गर्न जिम्मेवार निकाय तथा सरोकारवाला बिच समन्वय नहुन सक्छ। | सरोकारवाला बिचमा नियमित समन्वय बैठक राख्ने तथा गाउँपालिका स्तरमा रहेका नागरिक समाज तथा सञ्जालहरुको सहकार्यमा लक्षित सुदायका व्यक्तिहरुलाई लाभान्वित गर्न सकिने बारेमा नियमित छलफल गर्ने। |
| ३ | रणनीतिक योजना कार्यान्वयनको लागि स्रोतको व्यवस्थापन | आवश्यक   आर्थिक स्रोतको व्यवस्थापन गाउँपालिकाले गर्नेछ।स्रोत व्यवस्थापनका लागि गाउँपालिकाले सरोकारवाला निकायहरु, सङ्घ, संस्थाहरु तथा साझेदारहरु सँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ। |
| ४ | सामाजिक विभेद तथा भेदभावजन्य व्यवहार र प्रचलनहरु विद्यमान रहनु। | समाजमा विद्यमान सबैप्रकारका विभेद तथा भेदभावजन्य प्रचलन,व्यवहार र कुरीतिहरुको अन्त्यका लागि आवश्यक कानुनहरुको तर्जुमा र भईरहेका कानुनहरुको पुनरावलोकन गरिने छ।चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरि कुनै पनि प्रकारको हिंसा, विभेद शोषण र हानिकारक अभ्यासहरुमा गाउँपालिकाले शून्य सहनशीलताको नीति लिनेछ। |